अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।२१ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

महागढीमाई नगरपालिका वार्ड नं. ६ बाराका निर्वाचित वडा अध्यक्ष रामजीप्रसाद बरैले सांसद विकास कोषबाट आएको रकमबाट नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बबुआइनको कम्पाउण्ड वाल बनाउन उपभोक्ता समिति गठन गरी काम सुरु गर्नु पूर्व विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज वडा अध्यक्ष रामजीप्रसाद बरै र सोही नगरपालिकाको वडा नं. ६ का मुसहर बैठालाई सेवाग्राहीसँग रु.२,७५,०००। -(दुई लाख पचहत्तर हजार मात्र) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकमसहित कलैया उपमहानगरपालिका वडा नं. ७ स्थित दुर्गा माध्यमिक विद्यालयको हाताबाट रङ्गेहात नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता